आज मिति २०७८/०२/२७ गतेका दिन माननीय आन्तरिक मामिला तथा सञ्चार मन्त्री तिलकराम शर्माज्यूको अध्यक्षतामा प्रदेश विपद् व्यवस्थापन कार्यकारी समितिको बैठक बसियो।

उपस्थिति:

मा. तिलकराम शर्मा मन्त्री, आन्तरिक मामिला तथा सञ्चार मन्त्रालय

श्री नरेन्द्र कुमार राना सचिव, मुख्यमन्त्री तथा मन्त्रिपरिषद्‌को कार्यालय

श्री कोमल प्रसाद धमला सचिव, आन्तरिक मामिला तथा सञ्चार मन्त्रालय

श्री राजेन्द्र थापा सचिव, कानून, महिला, बालबालिका तथा जेष्ठ नागरिक मन्त्रालय

श्री महेशचन्द्र न्यौपाने सचिव, पर्यटन, ग्रामिण तथा शहरी विकास मन्त्रालय

श्री याम नारायण देवकोटा सचिव कृषि, खाद्य प्रविधि तथा भूमि व्यवस्था मन्त्रालय

श्री कृष्ण प्रसाद पन्थ सचिव, शिक्षा, विज्ञान, युवा तथा खेलकुद मन्त्रालय

श्री दिपक घिमिरे सचिव, ऊर्जा, जलस्रोत तथा सिंचाइ मन्त्रालय

श्री अमृत श्रेष्ठ सचिव, भौतिक पूर्वाधार विकास मन्त्रालय

श्री दुर्गा बहादुर कार्की सचिव वन, वातावरण तथा भू-संरक्षण मन्त्रालय

श्री हेमराज कुँवेदी सचिव उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय

श्री दिपकराज नेपाल सचिव

श्री सुरेश आचार्य नि. सचिव वन, वातावरण तथा भू-संरक्षण मन्त्रालय

श्री नल प्रसाद उपाध्याय प्रहरी नायब महानिरीक्षक लुम्बिनी प्रदेश प्रहरी कार्यालय

श्री प्रेम प्रसाद आचार्य नि. सचिव आर्थिक मामिला तथा सहकारी मन्त्रालय

श्री दामोदर भण्डारी उपसचिव, आन्तरिक मामिला तथा सञ्चार मन्त्रालय

वि. आमन्त्रित

डा. गंगालाल तुलाधर विज्ञ सदस्य, राष्ट्रिय विपद् जोखिम न्यू. तथा व्यवस्थापन परिषद्

आमन्त्रित सदस्य

डा. श्री दामोदर भुसाल सदस्य लुम्बिनी प्रदेश योजना आयोग

श्री कुल बहादुर नेम्वाङ सशस्त्र प्रहरी नायब महानिरीक्षक सशस्त्र प्रहरी बल नेपाल चन्द्रौटा

श्री दिलिप थले अपरेशन अधिकृत नं. २२ बाहिनी नेपाली सेना

श्री हिरा बहादुर बोहोरा, सशस्त्र प्रहरी नायब उपरीक्षक सशस्त्र प्रहरी बल नेपाल नं. २ बाहिनी, चन्द्रौटा

श्री शंकर पौड्याल, कार्यक्रम अधिकृत, युनिसेफ, भैरहवा

श्री सुवास ज्ञवाली, प्रदेश संयोजक, शहरी जिविका तथा भूकम्पीय स्वतयारी परियोजना, युनिसेफ, भैरहवा

सास्मिता पौडेल, कार्यक्रम विश्लेषक, UNFPA, Butwal

वीर बहादुर [illegible], Context Analyst, UNOPS, Butwal

विनित गौतम, कानुन अधिकृत आन्तरिक मामिला तथा संचार मन्त्रालय

पन्नामान महर्जन, UNWFP - Butwal

मंगल दास दुवाडी - Suaahara, Lumbini Province

विजेन्द्र वजाडे, केयर नेपाल, लुम्बिनी प्रदेश

सुदिप अधिकारी NHSSP Butwal

शंकर अधिकारी WHO, Lumbini

तुल बहादुर [illegible] आ.मं./तथा/संचार म.

बैजु पासी [illegible]

दलिप पौड्याल " "

अनिल खनाल " " "

Date |
Page |

सान्विका कुमार चौधरी अ.न.पा. तथा हं
सुविधा दर्बै ''
कृष्णा चौधरी '' ''
प्रिशान्त रिजाल श्रीमंत '' ''
हिरा मगर '' ''
दीपिका पाठक '' ''
दामोदर कुँवर शिक्षा, विज्ञान युवा तथा खेलकुद मन्त्रालय
केशव भण्डारी
NTV
शंकर पौड्याल सहायक प्रमुख आन्तरिक मामिला तथा कानून मन्त्रालय
राष्ट्रिय अध्यक्ष: स्वामुदायिक विपद् व्यवस्थापन समितिको राष्ट्रिय सञ्जाल नेपाल (NCDMC) ९८५६०४९५६५
सचिन पौडेल अ.ना.व.सं.न ९८४८१०३३४

प्रस्तावहरू :-

१) विषयगत क्षेत्र परिचालन सम्बन्धमा।
२) मनसुनजन्य विपद् पूर्वतयारी तथा प्रतिकार्य योजना, २०८२ सम्बन्धमा
३) प्रदेश विपद् व्यवस्थापन कोषको कुरा सम्बन्धमा।
४) मनसुनजन्य विपद्बाट क्षतिग्रस्त निजी आवासको पुनर्निर्माण, पुनर्निर्माण तथा पुनर्स्थापना सम्बन्धमा।
५) विपद्मा खोज, उद्धार तथा राहत सामग्री व्यवस्थापन सम्बन्धमा

निर्णयहरू

निर्णय नं. १

प्रस्ताव नं. १ माथि छलफल गर्दा प्रदेशस्तरमा विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापनको लागि प्रदेशस्तरमा विषयगत क्षेत्रको स्थापना तथा परिचालन गर्नुपर्ने भएकाले निम्न बमोजिमको विषयगत क्षेत्र नेतृत्व गर्ने मन्त्रालयले सम्वद्ध सह-नेतृत्व गर्ने निकायहरूसँग छलफल गरी विषयगत कार्ययोजना निर्माण र कार्यान्वयन गर्ने।

| क्र.स. | विषयगत क्षेत्र (Clusters) | नेतृत्व गर्ने सरकारी निकाय (Clusters Lead) | प्रमुख सहयोगी निकाय (Clusters Co-Lead) |
|---|---|---|---|
| १. | खोज, उद्धार, समन्वय तथा बन्दोवस्ती (SAR & Logistics) | आन्तरिक मामिला तथा सञ्चार मन्त्रालय | सुरक्षा निकायहरू |
| २. | पोषण (Nutrition) | स्वास्थ्य,जनसंख्या तथा परिवार कल्याण मन्त्रालय | UNICEF |
| ३. | खानेपानी, सरसफाइ तथा स्वास्थ्य प्रवर्द्धन (WASH) | पर्यटन, ग्रामिण तथा शहरी विकास मन्त्रालय, | UNICEF |
| ४. | आपतकालीन आश्रयस्थल र शिविर समन्वय (Emergency Shelter & CCCM) | पर्यटन, ग्रामिण तथा शहरी विकास मन्त्रालय, | NRCS/IOM |
| ५. | खाद्य सुरक्षा (food Security) | कृषि, खाद्य प्रविधि तथा भूमि व्यवस्था मन्त्रालय | WFP |
| ६. | संरक्षण (protection) | कानून, महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय | UNFPA |
| ७. | शिक्षा (Education) | शिक्षा, युवा, विज्ञान तथा खेलकुद मन्त्रालय, | UNICEF/SC |
| ८. | स्वास्थ्य (Health) | स्वास्थ्य, जनसंख्या तथा परिवार कल्याण मन्त्रालय, | WHO |
| ९. | शीघ्र पुनर्लाभ (Early Recovery) | भौतिक पूर्वाधार विकास मन्त्रालय,<br>पर्यटन, ग्रामिण तथा शहरी विकास मन्त्रालय, | UNDP |

**निर्णय नं. २**

प्रस्ताव नं. २ माथि छलफल गर्दा आगामी दिनमा हुनसक्ने मौसमजन्य विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापनको लागि निर्माण भएको प्रदेशस्तरीय मौषमजन्य विपद् पूर्वतयारी तथा प्रतिकार्य योजना, २०७९ को मस्यौदामा प्रदेश विपद् व्यवस्थापन कार्यकारी समितिका सदस्यहरूबाट कार्ययोजना र कार्ययोजनामा उल्लेखित निकायगत जिम्मेवारी र सम्बद्ध निकायगत जिम्मेवारीको सम्बन्धमा सुझावहरू संकलन गरी त्यसलाई अन्तिमरुप दिई दस्तावेजीकरण र प्रकाशन गर्ने र सबै मन्त्रालय, सुरक्षा निकाय, सरकारी तथा गैरसरकारी संघसंस्थाहरूले योजनाको प्रभावकारी रुपमा कार्यान्वयन गर्ने ।

**निर्णय नं. ३**

प्रस्ताव नं.३ माथि छलफल गर्दा प्रदेशभित्र घटेका विभिन्न विपद्का घटनाहरूबाट प्रभावितलाई प्रदेश विपद् व्यवस्थापन कार्य सञ्चालन निर्देशिका, २०७६ र प्रदेश विपद् व्यवस्थापन कार्य सञ्चालन (पहिलो संशोधन) निर्देशिका, २०७७ बमोजिम उपलब्ध गराएको निम्न बमोजिमको राहत रकमको विवरण प्रदेश विपद् व्यवस्थापन कार्यकारी समिति समक्ष पेश गर्ने व्यवस्था भए बमोजिम तपसिल बमोजिम जिल्ला प्रशासन कार्यालय मार्फत वितरण भएको थप राहत रकम अनुमोदन गर्ने ।

तपसिल

<u>२०७८ जेठ मसान्तदेखि असार मसान्त सम्म वितरण भएको थप राहत रकम सम्बन्धी विवरण</u>

| क.सं. | विवरण | परिमाण | राहत रकम |
|---|---|---|---|
| १ | घर क्षति | ७२ | २८,८०,०००।- |
| २ | मृतक | ५ | ५,००,०००।- |
| ३ | व्यवसाय क्षति | २ | १,५०,०००।- |
| जम्मा | | ७९ | ३५,३०,०००।- |

<u>आ.व. २०७८/७९ को हालसम्ममा वितरण भएको थप राहत रकम सम्बन्धी विवरण</u>

| क.सं. | विवरण | परिमाण | राहत रकम |
|---|---|---|---|
| १ | घर क्षति | २८० | ९२,६०,०००।- |
| २ | मृतक | ३९ | ३९,००,०००।- |
| ३ | व्यवसाय क्षति | ११ | ५,५०,०००।- |
| ४ | २०७८/७/१२ गतेको मन्त्रिपरिषद्को निर्णय बमोजिम मोतिपुर घटनाका मृतकलाई उपलब्ध गराएको | ४ | ४,००,०००।- |
| ५ | २०७८/७/१२ गतेको मन्त्रिपरिषद्को निर्णय बमोजिम बुटवल उप-महानगरपालिकालाई उपलब्ध गराएको । | | १५,००,०००।- |
| जम्मा | | ३३४ | १,५६,१०,०००।- |

निर्णय नं. ४

मनसुनजन्य विपद् प्रभावित निजी आवासको प्रवलीकरण, पुननिर्माण तथा पुनर्स्थापनाको लागि राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरणले तर्जुमा गरी कार्यान्वयनमा ल्याएको मनसुनजन्य विपद् निजी आवास पुनर्निर्माण अनुदान कार्यविधि,२०७७ बमोजिम प्रदेश सरकारले व्यवस्था गर्नुपर्ने रकमको लागि आन्तरिक मामिला तथा सञ्चार मन्त्रालयले आवश्यक कानूनी व्यवस्था गरी छिटो छरितो व्यवस्थापन गर्ने । अन्य क्षतिग्रस्त भौतिक संरचनाको प्रवलीकरण र पुनर्निर्माण लागि सम्बन्धित मन्त्रालयले नै आवश्यक व्यवस्था गर्ने ।

निर्णय नं. ५

विपद् प्रभावित क्षेत्रमा खोज, उद्दार र राहत वितरण सम्बन्धी क्रियाकलापहरू सञ्चालन गर्दा प्रदेशमा आन्तरिक मामिला तथा सञ्चार मन्त्रालय, जिल्लामा जिल्ला प्रशासन कार्यालय र स्थानीय तहमा सम्बन्धित स्थानीय तहको विपद् व्यवस्थापन समितिको समन्वयमामात्र सञ्चालन गर्ने ।मन्त्रालय, जिल्ला प्रशासन कार्यालय, स्थानीय तह, प्रदेशमा क्रियाशिल यु.एन. एजेन्सीहरू, सरकारी तथा गैरसरकारी संघसंस्थाहरू सबैले खोज, उद्दार र राहत वितरणका लागि मौज्दात रहेका सामग्रीहरू चुस्त दुरुस्त रुपमा राखे । प्रदेशस्तरमा क्रियाशिल यु.एन. एजेन्सीहरू, सरकारी तथा गैरसरकारी संघसंस्थाहरूले प्रदेश सरकारले माग गरेको अवस्थामा प्रक्रिया पुरा गरेर उपलब्ध गराउन सक्ने अवस्थामा राखे ।